स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सन् २०१४ मा रिलिज भएको सलमान खानको फिल्म 'किक' ब्लकबस्टर साबित भयो । त्यसयता फ्यानहरू यसको सिक्वेलको प्रतिक्षामा छन् । यसैबिच, अब अभिनेताले आफ्ना फ्यानहरूलाई ठूलो उपहार दिएका छन् । सलमानले यस वर्षको इदको अवसरमा आफ्नो फिल्म 'सिकन्दर' घोषणा गरेका थिए भने अब उनको बहुप्रतिक्षित फिल्म 'किक-२' को फर्स्ट लुक पनि सार्वजनिक भएको छ ।

**आजको विचार...**



हसिनाले...

(दुई पेजमा)

डा. नारायणप्रसाद निरौला



नेपाली फिल्ममा एक्सनको 'ट्रेन्ड' सुरु गर्ने अभिनेता मानिन्छन्, विराज भट्ट । उनको जगजगी रहेको समयमा एक्सन फिल्मकै बाढी थियो । तर, समयस गै नेपाली फिल्मको अनुहार फेरिँदै गयो । फरक शैलीका फिल्म बन्न थाले । विराज जस्ता एक्सनमा जमेका स्टारहरु पनि सुस्ताए । यसपछि एक्सन फिल्म निर्माणको वातावरण बनेन । अहिले नेपालमा एक्सनलाई नै 'रिक्स' जनरा मानिन्छ । पछिल्लो समय भने नेपालमा एक्सन फिल्मको 'ट्रेन्ड' सुरु हुन थालेको छ ।

❒ वर्ष ३० ❒ अंक ८२ ❒ २०८१ असोज २० गते आइबार 6 October 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# दसैंमा रातो माटो र कमेरोले पोतिन छोडे गाउँका घर

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असोज १९/केही वर्ष अगाडिसम्म पाल्पा र गुल्मीका ग्रामीण क्षेत्रमा जब दसैं शुरु हुन्थ्यो, तब गाउँमा घर रङ्गाउने चटारो हुन्थ्यो । बारीमा रहेको रातोमाटो र सेतो कमेरो निकाल्न भ्याइनभ्याइ हुन्थ्यो । गाउँघरका मुलबाटो, गोरेटो खन्न गाउँभरीका मानिसहरु जमघट हुन्थे । दाउरा संकलन गर्थे । सेल रोटी पकाउन र मासुका लागि स्कुल बिदा भएपछि दाउरा संकलन गर्ने प्रचलन थियो । किशोरकिशोरी, युवायुवती, बालबालिका लिङ्गे पिङ् बनाउन व्यस्थ हुन्थे । तर आजकाल यी विरलै मात्र पाइन्छ । घर पोत्न थालेपछि गाउँमा दशैंको रौनक नै बेग्लै हुन्यो । तर अहिले त्यो रौनक निकै कम भएको पाइन्छ । गाउँमा खर र ढुङ्गाले छाएका घरहरु विस्थापित हुँदै गएपछि रातोमाटो र सेतो कमेरोले घर पोत्ने चलन हराउँदै गएको हो ।

पाल्पा रिब्दीकोटकी ममता कुंवर विगतमा हरेक वर्ष दसैं सुरु हुनु अगावै घर लिपपोत गर्नका लागि नजिकैको माटो खानीमा रातो माटो र कमेरो लिन पुग्थिन । टाढाबाट ल्याएको रातो माटो, कमेरोले घर लिपपोत गर्ने गरेको स्मरण अहिले पनि उनको मानस्पटलमा ताजै छ । माटो, कमेरोले घर सिँगारेपछि बल्ल उनलाई दशैं आएको मिठो आभास हुन्थ्यो । तर अहिले उनले घर लिपपोत गर्न छाड्को ५ वर्ष भयो । अहिले घरमा सिमेन्ट लगाएकाले लिपपोत गर्नु नपर्ने उनले बताईन् । कुंवर मात्र हैन गुल्मी इस्मा २ की शोभा



जिसीले पनि अहिले माटो र कमेरोले घर लिप्न छोडेको ३ वर्ष भयो । 'पहिले दसैं तिहारको बेला माटो लिन टाढा टाढा सम्म जान्थ्यौं तर अहिले गाउँमा सबैले सजिलोका लागि घरमा प्लाष्टर गर्न थाले' उनले भनिन् । दसैंका बेला रातोमाटो र कमेरोले घर लिपपोत गरेपछि मात्रै जमरा राख्ने चलन रहेकोमा त्यो हराउँदै गएको जिसीको भनाई छ । घरको झ्याल ढोकामा काफलको बोक्रा पकाएर लगाउने गरेको स्मरण गर्दै अहिले इनामेलले रङ्ग्याउने गरेको उनले बताइन् । गाउँ गाउँमा सिमेन्ट प्रयोग गरी नयाँ घर बनाएसँगै दसैंमा पुराना घर रातो माटो, कमेरोले रङ्गाउन छाडिएको छ । विगतमा दशैं/तिहार सुरु हुनु अगावै घर रङ्गाउनका लागि रातो माटो, कमेरो लिनका लागि यहाँका स्थानीय समूहमा मिलेर टाढा-टाढासम्म पुग्थे । ढुंगा, माटो, काठको प्रयोग गरी बनाइएका प्राय: हरेक घर रातो माटो, कमेरो, कालीमाटीले लिपपोत गरि चिटिक्क रङ्गाइन्थ्यो, सजाइन्थ्यो । तर पछिल्लो समय गाउँमा पनि सिमेन्ट प्रयोग गरी घर निर्माण गरिनुका साथै बजारमा विभिन्न थरीका रङ्ग पाइन थालेसँगै रातो माटो, कमेरोले घर रङ्गाउने चलन हराउँदै गएको हो ।

## संक्षिप्त समाचार

### हैजाबाट तीन सयभन्दा बढीको मृत्यु

**(रासस/सिन्ह्वा)**

**अबुजा,** असोज १९ /यस वर्षको जनवरी देखि सेप्टेम्बरको बीचमा दक्षिणपश्चिमी राज्य लागोससहित ३३ वटा नाइजेरियाली राज्यमा हैजाको प्रकोपले कम्तीमा ३ सय ५९ जनाको मृत्यु भएको नाइजेरियाको रोग नियन्त्रण तथा रोकथाम केन्द्र (एनसीडीसी) ले जनाएको छ । राजधानी अबुजामा हैजाको प्रकोपको अद्यावधिक गरिएको तथ्याङ्कमा जनस्वास्थ्य विभागले संक्रमितको संख्या बढेर दश हजार ८ सय ३७ पुगेको पुष्टि गरेको छ । यस वर्ष अहिलेसम्म नाइजेरियाका ३३ वटा राज्यमा हैजाको घटना सुचित गरिएको छ । गत हप्ता मात्रै पाँच राज्यमा १ सय ९८ वटा नयाँ संक्रमण रिपोर्ट गरिएको थियो जसमा मृत्युको अनुपात ७.६ प्रतिशत रहेको एनसीडीसीले जनाएको छ । क्षेत्रीय राष्ट्रिय हैजा प्राविधिक समूहको नेतृत्व गर्दै, एनसीडीसीले अधिकारीहरूलाई हैजा रोकथामको तयारी र प्रतिस्थापन योजना बढाई आपतकालीन व्यवस्थापनको लागि क्षमता विकास गर्न आग्रह गरेको छ । प्रकोपबाट प्रभावित समुदायमा खुलारुपमा दिशा पिशाब गर्ने गलत अभ्यास रहेको एनसीडीसीले उल्लेख गरेको छ । पिउने पानी र सरसफाइमा कमजोर पहुँचलाई प्रकाश पार्दै एनसीडीसीले यस्तो अस्वस्थ्य अभ्यासले हैजा फैलावट रोक्ने देशको प्रयासमा चुनौती खडा गरेको जनाएको छ । हैजा एक अत्यधिक विषाक्त रोग हो जुन गम्भीर झाडा-पखालाको अचानक सुरुवातको विशेषता हो । यसले शरिरमा तरल पदार्थको कमी (डिहाइड्रेसन) का कारण मृत्यु निम्त्याउन सक्छ । विशेष गरी घना जनसङ्ख्या भएका क्षेत्रहरूमा पिउने पानीको आपूर्तिको अभावका कारण नाइजेरियामा हैजाको प्रकोप बारम्बार बढिरहेको जनाइएको छ ।

# आज दसैंको चौथो दिन, कुष्माण्डा देवीको पूजाआजा गरिँदै

**पाल्पा,** असोज १९/बडादसैँको चौथो दिन आज कुष्माण्डा देवीको पूजा आराधना गरिँदैछ । आश्विन शुक्ल चुतर्थीबाट सुरु हुने बडादसैँ अर्थात् नवरात्रको चौथो दिन आज माता दुर्गाको चौथो रुप कुष्माण्डा देवीको विधिपूर्वक पूजा आराधना गरिँदैछ ।

यो दिन शक्तिपीठ, देवीमन्दिर तथा घर-घरका पूजाकोठाहरुमा देवीभवानी कुष्माण्डा माताको पूजा गर्ने गरिन्छ । कुष्माण्डा मातालाई शुभकर्म थालनी वा सृष्टिको प्रतिकको रुपमा पूजा गरिन्छ । आफ्नो उदरमा त्रिविध ताप धारण गरी संसारको सृष्टि गर्न कुष्माडा देवीको आविर्भाव भएको ग्रन्थहरुमा उल्लेख गरिएको छ । उष्णता तथा शीतलातालाई सम तुल्याई सिर्जना गर्ने शक्ति कुष्माण्डा देवीमा रहेको बताइएको छ । यी देवी उष्ण रक्तसमूह मानव, चराचरुङ्गी तथा शीतरक्त समूह माछा, सर्प लगाएतका सारा प्राणीको सिर्जना शक्ति भएकी माता भनेर शास्त्रहरुमा उल्लेख गरेको पाइन्छ ।



यी देवीको वदनवर्ण वैजनी छ भने उनी सिंहमा चढेकी छन् । कुष्माण्डा माताले हातमा रक्तपूर्ण दुई वटा घडा लिएकी छन् । यी दुई घडा नै सृष्टिका आधार वस्तु बताइएको छ । देवी कुष्माण्डाले ब्रह्माण्डको सृष्टि गरी पृथ्वी रचनाका लागि सूर्य भगवानलाई आफ्नो तापशक्ति दिएर प्रज्ज्वलित बनाएको र अन्य ग्रहको समेत रचना गरी पूरै सौरमण्डल सञ्चालन गरेको देवीभागवत् लगायतका ग्रन्थहरुमा उल्लेख छ । कुष्माण्डाको लौकिक अर्थ कुभिण्डो हो । उष्ण हावापानीको प्रकृतिमा हुर्किने तर भित्री गुण शीतप्रद हुने फल कुभिण्डोलाई कुष्माण्डा देवीको प्रतीक मानेर दशैंमा यसको पूजाआजा गर्ने चलन छ ।

शक्तिपीठ तथा देवी मन्दिरहरुमा कुभिण्डाको विधिपूर्वक पूजा गरी बलि समेत चढाउने गरिन्छ ।

# वर्षाका कारण विद्युतमा क्षति

**हाम्रा संवाददता**

**तानसेन,** असोज १९/केही दिन अघि परेको अविरल वर्षाका कारण गएको पहिरोले जिल्लाका विभिन्न स्थानमा विद्युतमा ठूलो क्षति पुगेको छ । वर्षाका कारण पहिरो जाँदा धेरै ठाउँहरुमा विद्युतका पोल र ट्रान्सफर्मरमा क्षति पुगेको हो ।

पाल्पा वितरण केन्द्रका अनुसार तानसेन नगरपालिका- १० को सुनडाँडामा ५० केभी क्षमताको ट्रान्सफर्मरमा क्षति पुगेको छ । यस्तै रिब्दीकोट गाउँपालिका-१ ख्याहामा पनि २५ केभी ट्रान्सफार्मरमा क्षति पुगेको छ । पाल्पा केन्द्रलाई सप्लाई दिने बुटवलमा रहेको ३३ केभीको तार चुडेको छ । अहिले त्यो मर्मत भई सकेको छ ।

जिल्लाको सिलुवाको ३३ केभी लाईनको चार वटा पोल ढलेको, रुप्सेमा ३३ केभी लाईनको चारवटा पोल ढलेको, बतासेको ११ केभी सात स्थानमा पोल ढलेकोमा प्राय: सबै मर्मत गरिएको वितरण केन्द्रले जनाएको छ । यस्तै बर्षाका कारण जिल्लाका अन्य ठाउँका १६ वटा पोल समेत ढलेका छन् । केन्द्रले केही ठाउँहरुमा मर्मत गरिसेको छ भने केही ठाउँमा गर्दै छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## चाडपर्वसँगै सडक दुर्घटनाको जोखिम

यस वर्षाको दसैंको रौनक सुरु भएको छ । जिल्ला भित्रने र बाहिरिने नागरिकको संख्या पनि दिनानुदिन बढ्दै जान थालेको छ । रोजगारी, अध्ययन तथा व्यापार व्यवसायका लागि घरभन्दा बाहिर रहेका यहाँका नागरिकहरू चाडपर्व नजिकिएसँगै धमाधम घर फर्कन थालेका छन् । खासगरी रोजगारीका लागि भारत तथा तेस्रो मुलुक गएका श्रमिक तथा विद्यार्थीहरूको ठूलो संख्यामा दशैं तिहार बिदामा घर फर्कने गर्दछन् । अन्य समयभन्दा चाडपर्वका बेला गाउँघर फर्किनेहरूको संख्या बढ्ने भएकाले सार्वजनिक यातायातका साधनमा क्षमताभन्दा बढी यात्रु बोक्ने, तीव्र गतिमा गाडी चलाउने र ट्राफिक नियमको उल्लंघन गर्ने जस्ता कारणले सडक दुर्घटनाको जोखिम हुने गर्दछ । कच्ची सडक, क्षमताभन्दा बढी यात्रु बोक्ने, गाडी मर्मत नगरी हतारमा स्पिडमा चलाउने र मदिरा सेवन गरी गाडी चलाउदाँ सवारी दुर्घटना हुने गरेका छन् ।

चाडबाडका बेला ओहोरदोहोर धेरै हुन्छ । जति धेरै बाक्लो ओहोरदोहोर उत्ति नै दुर्घटना हुन्छ । दसैंका बेलामात्र राजधानी उपत्यकाबाट २५ लाख हाराहारीले बाहिरको यात्रा गर्छन् । धेरै यात्रु एकैचोटि यात्रा गर्ने सडकहरू आफैंमा सुरक्षित छैनन् । साँघुरो राजमार्गहरू सानोतिनो पहिरो र बाढीले पनि भत्किन्छन् अनि सामान्य दुर्घटना हुँदा पनि गाडीहरू छेउ लगाउन हम्मे पर्ने अवस्था छ । चाडपर्वका बेलामा बर्सेनि सडक दुर्घटनाका खबर सार्वजनिक हुने गर्छ । यस पटक त ठाउँ–ठाउँका सडक भत्किएकै छ । बर्खाको बेला खाल्डाखुल्डी परेका सडकहरुको स्तरोन्नतिमा सरकारको उचित ध्यान पुगेको छैन । सडक जतातत्तै खनिएका छन्, बनाइएका छन् तर भत्किएका खाल्डाखुल्डी परेका सडक मर्मतमा सरकारले ध्यान नदिंदा दुर्घटना बढ्दो छन् । मूल कुरा के हो भने क्षति भएका सडक स्तरन्नोतिमा तत्काल मर्मत तथा पुनर्निर्माण गर्न सरकारले ढिला गर्नु हुन्न । यसर्थ चाडपर्वको बेला हुन सक्ने सडक दुर्घटनाको जोखिमलाई कम गर्न सरकार गम्भीर हुन आवश्यक छ ।

### Opinion @ Social Network

मान्छे मात्र अगाडि बढेर के गर्नु,
मानवता पछाडी छुटे पछि ।

*(सोनि आलेकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Soni.Ale )*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बडादसैंमा भगवतीको उपासना



डा. नारायणप्रसाद निरौला

*दशैंमा विशेषगरी दुर्गा देवीको पूजा गरिन्छ । आश्विन महिनामा देवी निद्राबाट जाग्रत अवस्थामा जाने भएकाले यस समयको नवरात्रलाई बोधन नवरात्र भनिन्छ । हरेक दिन भगवती दुर्गा देवीका विभिन्न स्वरूपको आराधना गरी यो पर्व मनाउने धार्मिक विधान रहिआएको छ । भगवती दुर्गादेवी आद्य मातृशक्ति हुनुहुन्छ । आद्य शक्ति दुर्गा देवीका महाकाली, महालक्ष्मी र महासरस्वती गरी तीन रूप छन् । तमोगुणमयी महाकाली भगवान् विष्णुकी योगनिद्रा र माया शक्ति हुनुहुन्छ । मधु र कैटभलाई बध गर्नका लागि ब्रह्माजीले जसको स्तुति गर्नुभएको थियो तिनै देवीको नाम महाकाली हो ।*

*जयन्ती मंगलाकाली भद्रकाली कपालिनी ।*
*दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोद्रस्तुते ।।*

आद्यशक्ति भगवतीको उपासनासहित हर्षोल्लासपूर्वक मनाइने बडादशैंको आफ्नै महिमा रहेको छ । चाड पर्व जीवन पद्धतिका आयाम हुन् । संसारमा हरेकले कुनै न कुनै चाडपर्व मनाइरहेका हुन्छन् । हरेकका आ–आफ्नै धार्मिक सांस्कृतिक महिमा रहेका छन् । सुखदु:ख साटासाट गर्ने, एक आपसमा भेटघाट गर्ने विषयवस्तुका साथै शक्तिको उपासना दशैंमा विशेष हुने गर्दछ । किनकि आद्यशक्ति भगवतीको नौ दिनसम्म उपासना गर्ने र दशौं दिन प्रसाद स्वरूप टीका जमरा लगाउने शास्त्रीय विधि विधान रहेको छ । विशेषत: आसुरीशक्तिको पराजय र सत्यको विजय भएको पर्वका रूपमा विजया दशमीलाई हर्षोल्लासपूर्वक मनाउने गरिन्छ । यसैगरी भगवती दुर्गादेवीको उपासना गर्दै समस्त मनोकामना पूर्ण हुने आस्था र विश्वासका साथ यो पर्व मनाउने गरिन्छ । दशैं आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमा तिथिसम्म मनाइन्छ । जसलाई दुर्गा पक्ष पनि भनिन्छ । विशेषगरी घटस्थापनादेखि विजयादशमीसम्म दश दिन मनाइने भएकाले पनि यो पर्वलाई दशैं भनिएको हो । दशैं चान्द्र मासका आधारमा मनाइने विशेष पर्व हो । आश्विन शुक्ल प्रतिपदाका दिन घटस्थापना गरेपछि दशैंको विधिवत आरम्भ हुन्छ । घटस्थापनाका दिन विधिवत् कलश स्थापना गरी जौका जमरा राख्ने गरिन्छ । यसै दिनबाट दुर्गा भगवतीको उपासना पनि आरम्भ हुन्छ । भगवतीको उपासनाअन्तर्गत देवीभागवत पारायण, दुर्गासप्तशती पाठ आदि पर्दछन् । दशैंमा विशेषगरी दुर्गा देवीको पूजा गरिन्छ । आश्विन महिनामा देवी निद्राबाट जाग्रत अवस्थामा जाने भएकाले यस समयको नवरात्रलाई बोधन नवरात्र भनिन्छ । हरेक दिन भगवती दुर्गा देवीका विभिन्न स्वरूपको आराधना गरी यो पर्व मनाउने धार्मिक विधान रहिआएको छ । भगवती दुर्गादेवी आद्य मातृशक्ति हुनुहुन्छ । आद्य शक्ति दुर्गा देवीका महाकाली, महालक्ष्मी र महासरस्वती गरी तीन रूप छन् । तमोगुणमयी महाकाली भगवान् विष्णुकी योगनिद्रा र माया शक्ति हुनुहुन्छ । मधु र कैटभलाई बध गर्नका लागि ब्रफमाजीले जसको स्तुति गर्नुभएको थियो तिनै देवीको नाम महाकाली हो । महाकाली भगवतीका दश मुख, दश हात र दश पाउ रहेका छन् । जो श्याम वर्णकी हुनुहुन्छ । यस्ती महाकालीले आफ्ना हातमा खड्ग, वाण, गदा, शूल, चक्र, शंख, भुशुण्डी, परिघ, धनुष र मुण्डमाला धारण गर्नुभएको छ । सम्पूर्ण देवताको अंगबाट प्रादुर्भाव भएकी कमलको आसनमा विराजमान देवी महालक्ष्मी हुनुहुन्छ । जसलाई त्रिगुणमयी प्रकृति पनि भनिन्छ । महिसासुरको बध महालक्ष्मीकै हातबाट भएको हो । विचित्र रूप, कान्ति एवं सौभाग्यले सुशोभित देवीका हजारौं हात छन् । जसलाई अठारवटा हात भएकी देवीका रूपमा पूजा गर्ने चलन छ । यस्ती महाकाली भगवतीका हातमा अक्षमाला, कमल, वाण, खड्ग, वज्र, गदा, चक्र, परशु (बन्चरो), त्रिशूल, शङ्ख, घण्ट, पाश, शक्ति, दण्ड, ढाल, धनुष, पानपात्र र कमण्डलु विभूषित छन् । सत्वगुणमा आश्रित पार्वतीका शरीरबाट प्रकट भएकी शुम्भ नामक दैत्यको संहार गर्ने साक्षात् देवी महासरस्वती हुनुहुन्छ । यस्ती आद्यशक्ति भगवतीका आठ भुजा (हात) छन् । ती हातमा क्रमश: वाण, मुसल, शूल, चक्र, शंख, घण्ट, हल एवं धनुष विराजमान रहेका छन् । नवदुर्गामा शैलपुत्री, ब्रफमचारिणी, चर्द्रघण्टा, कुष्माण्डा, स्कन्धमाता, कात्यायनी, कालारात्री, महागौरी र सिद्धिदात्री पर्दछन् । यसै गरी देवीका अंगभूत छ देवी छन् : नन्दा, रक्तदन्तिका, शाकम्भरी, दुर्गा, भीमा र भ्रामरी । रक्त वर्णकी देवीको वाहन बाघ हो । देवीका ब्राफमी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, नारसिंही, ऐन्द्री, शिवदूती तथा चामुण्डा यी नौ शक्ति हुन् । नवदुर्गा भगवतीको प्रत्येक दिन पूजा अर्चना हुने गर्दछ । आश्विन शुक्ल सप्तमी अर्थात् फूलपातीका दिनदेखि भगवतीको विशेष पूजा आराधना आरम्भ हुन्छ । सप्तमी अर्थात् फूलपातीका दिन नौ प्रकारका पत्र पुष्पादि वस्तु घरमा भित्र्याई भगवतीको समीपमा राखिन्छ । यसरीभित्र्याउने नवपत्रिकामा केरा, दारिम, धान, बेसार, मानक, कचु, बेल, अशोक र जमरा पर्दछन् । यसरी नौ प्रककारका पत्र पुष्प भगवतीलाई समर्पण गार्नाले प्रसन्न भई भक्तलाई वरदान दिनुहुन्छ । यसै गरी यसदिन आठ वर्षीया कन्यालाई शाम्भवी नाम सम्बोधन गरी विशेष पूजा पनि गर्नु पर्दछ । सरस्वती भगवतीको आराधना पनि यस अवसरमा हुने गर्दछ । महाअष्टमीका दिन भद्रकाली देवीको विशेष पूजा अर्चना हुने गर्दछ । यस दिन सिंहपूजा, भगवती देवीको षडंगपूजा, शस्त्र पूजा पूर्वक नवदुर्गाको पूजा आराधना गरिन्छ । विशेष बलि प्रदानपश्चात् महाअष्टमीको पूजा आराधना समापन हुन्छ । महानवमीमा सिद्धिदात्री भगवतीको विशेष पूजा आराधना हुने गर्दछ । यस दिन नव कन्या कुमारीको पूजा पश्चात भोजन गराउने चलन पनि रहेको छ । त्रेता युगमा भगवान् श्रीरामले रावणलाई परास्त गरी सत्यको विजय भएको अवसर यही आश्विन शुक्लपक्षको दशमी तिथि थियो । यही विजयको उत्साह स्वरूप विजया दशी पर्व मनाउने गरिन्छ । यसैगरी असुरमाथि भगवती दुर्गादेवीले विजय गरेको दिन पनि यही दशमी तिथि भएकाले विजया दशमीलाई हर्षोल्लसाका रूपमा मनाइएको कुरा देवी माहात्यमा उल्लेख पाइन्छ । दशैंको विजया दशमी सबैभन्दा उत्कृष्ट दिन हो । यस दिन अपराजित जया विजयाको विशेष पूजा हुने गर्दछ । यस दिन हर्षोल्लासपूर्वक मान्यजनबाट आशीर्वाद स्वरूप भगवतीको टीका प्रसाद जमरा ग्रहण गर्ने शास्त्रीय विधान रहेको छ । यसै गरी ज्योतिषीय दृष्टिले पनि विजया दशमीको विशेष महत्व रहेको छ । विजया दशमीको दिनभरि नै शुभ साइत मानिन्छ । शुभ कार्यको आरम्भ गर्न पनि यो दिन उत्तम रहने कुरा मुहूर्त्त चिन्तामणिमा उल्लेख छ । नवरात्रमा विशेष कामनाका साथ भगवती दुर्गादेवीको पाठ आराधना गर्ने पनि शास्त्रीय विधान रहेको छ । भक्ति भावपूर्वक भगवती दुर्गा देवीको उपासना गरेमा इच्छित मनोकांक्षा पूरा हुने शास्त्रीय फल वर्णन पाइन्छ । यसैगरी मनोकामना पूर्ण गर्नका लागि विभिन्न मन्त्रद्वारा पुटित, सम्पुटित, पाठ, शतरुद्री आदि गर्ने विधान पनि शास्त्रमा उल्लेख छ । देवीको पूजा गर्दा महालक्ष्मीलाई बीचमा राखी उनको दायाँ र बायाँ क्रमश: महाकाली र महासरस्वतीलाई विराजमान गराइन्छ । महालक्ष्मीका पछाडि सरस्वतीका साथ ब्रफमाको, महालक्ष्मीको दक्षिण भागमा गौरीका साथ शिवजीको र महालक्ष्मीको बायाँ भागमा लक्ष्मीसहित विष्णुको पूजा गरिन्छ । अठार भुजावाली महिषासुरमर्दिनी महालक्ष्मी नै विशेष रूपमा पूजनीय हुनुहुन्छ । किनकि उहाँलाई नै महाकाली महालक्ष्मी र महासरस्वती भनिएको हो भन्ने कुरा सप्तशतीको वैकृतिक रहस्यमा उल्लेख पाइन्छ । यस्ती महालक्ष्मी नै सम्पूर्ण लोकको माहेश्वरी हुनुहुन्छ । देवीको विशेष विधानपूर्वक पूजा गरिसकेपछि देवीको ध्यानपूर्वक स्तुति गरी देवी माहात्म्यको पाठ गर्नुपर्दछ । पाठ पश्चात् सप्तशतीका मन्त्रले हवन गर्नुपर्ने विधान वैकृतिक रहस्यमा उल्लेख छ । जसले एकाग्र चित्त भएर प्रतिदिन देवीको स्तुति गर्दछन् यस्ता व्यक्तिका सारा बाधा निश्चय नै हटेर जानेछन् । अष्टमी, चतुर्दशी र नवमीमा देवीको विशेष स्तुति पाठ गर्नाले सारा पाप हट्नेछन् । देवी माहात्म्य सुन्नाले मात्रै पनि सबै प्रकारका भय नाश हुन्छन् । दुर्गा सप्तशती परं कल्याणकारी भएकाले दुर्गा पाठद्वारा महामारी जनित समस्त उपद्रव तथा आध्यात्मिक, आधिभौतिक र आधिदैविक ताप नष्ट भएर जान्छन् भन्ने कुरा देवी माहात्म्यमा बताइएको छ । यसैगरी बलि दान, पूजा, होम तथा विभिन्न महोत्सवका अवसरमा देवीको पूजा पाठ एवं माहात्म्य श्रवण गर्नु भन्ने विधान पनि दुर्गा सप्तशतीमा पाइन्छ (दुर्गा सप्तशती १२/१०) । यसै आधारलाई नै शिरोधार्य गरेर बडादशैं मनाउने प्रचलन छ । शरद ऋतुको नवरात्रमा भक्तिपूर्वक दुर्गा देवीको उपासना एवं महात्म्य श्रवण गर्नाले सम्पूर्ण बाधाबाट मुक्त हुनुका सथै धन, धान्य, पुत्र पौत्रादि अभिवृद्धि हुन्छन् । खराब सपना देखे, ग्रह जनित भयंकर पीडा भए देवीको महात्म्य श्रवण गर्नुपर्दछ । विशेषगरी बालबालिकामा परेको ग्रहजन्य दोष पनि दुर्गासप्तशतीको पाठ आराधनाले नष्ट भएर जान्छ । देवी माहात्म्यको पाठमात्र गर्नाले पनि भूत, प्रेत पिशाच आदि नष्ट भएर जान्छन् । दुर्गादेवीको पूजा अर्चना, स्तुति, पाठ, माहात्म्य श्रवण गर्नाले यो लोकको भुक्ति हुनुका साथै परलोकको मुक्ति पनि प्राप्त हुने कुरा देवी माहात्म्यमा उल्लेख छ । शरद्कालीन नवरात्र एवं वसन्तकालीन नवरात्रमा देवीको उपासना गर्नाले अभीष्ट सिद्धि हुने गर्दछ । यसैगरी गुप्त नवरात्रमा पनि देवीको स्तवन गरेमा मनोवाञ्छित फल प्राप्त हुने कुरा शास्त्रमा उल्लेख पाइन्छ । दुर्गा कवच, कीलक र अर्गला स्तोत्र नित्य पाठ गर्नाले पनि दुर्गा पाठ बराबरको फल पाइन्छ । समस्त पापबाट बँचन देव्याथर्वशीर्ष पाठ गर्नुपर्दछ । यसैगरी मन्त्र सिद्धिका लागि कुञ्जिका स्तोत्र पाठ पनि नवरात्रमा गर्नु/गराउनु उपयुक्त मानिन्छ । जगज्जननी माता दुर्गा देवीको उपासनाले धर्म, अर्थ काम र मोक्षको सिद्धि प्राप्त हुन्छ । जुन कामनासहित भगवती देवीको उपासना गर्‍यो सो पूरा हुने कुरा देवी कवचको 'यं यं चिन्तयते कामं तं तं प्राप्नोति निश्चितम' भन्ने श्लोकबाट पनि पुष्टि हुन आउँछ । आदि शक्ति दुर्गा देवीको उत्पत्ति एवं माहात्म्यको कथा वेदव्यास रचित मार्कण्डेय पुराणमा उल्लेख छ । भगवती दुर्गामातको अनुकम्पाले हामी सबैमा सुख, शान्ति, समृद्धि र ऐश्वर्य प्राप्त होस् । सबैका मनोकामना पूर्ण हुन् भन्दै समस्त नेपालीमा बडादशैंको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

***–इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शत्रुहरू किनारा लाग्नेछन्। प्रतिस्पर्धामा पनि विजयी भइनेछ। | **तुला** : आलस्य गर्दा अवसर गुम्न सक्छ। खर्चको मात्रा पनि बढ्ने देखिन्छ। |
| **बृष** :अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा लक्ष्य प्राप्त गर्न विलम्ब हुनेछ। | **बृश्चिक** :लाभ हुने काम प्रारम्भ गर्ने समय छ। साझेदारीमा राम्रो फाइदा हुनेछ। |
| **मिथुन** :योजना गोप्य राखेर अघि बढ्नुहोला। काम बिग्रन सक्छ। | **धनु** :कामको सन्दर्भमा विशिष्ट व्यक्तित्वहरूसँग मित्रता बढ्नेछ। |
| **कर्कट** :अनुकूल समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। | **मकर** :जिम्मेवारी भने बढिरहनेछन्। बाध्यताले अप्ठ्यारोमा पार्न सक्छ। |
| **सिंह** : अरूको भरपर्दा काम रोकिन सक्छ। योजना कार्यान्वयन नहुन सक्छ। | **कुम्भ** :अप्ठ्यारोमा पनि काम बन्नेछन्। प्रयत्न गर्दा समयको सदुपयोग हुनेछ। |
| **कन्या** :पारिवारिक जमघटमा मन र माउनेछ। भेटघाटले नोक्सान हुनसक्छ। | **मीन** : व्यवसायमा लाभ हुनेछ। व्यावसाय विस्तारका लागि यात्रा पनि हुनेछ। |

# कृषि

## यसवर्ष च्याङ्ग्राको मूल्य घट्यो

दसैं पर्वका लागि मुस्ताङबाट ल्याइएको च्याङ्ग्राको मूल्य यसपटक सस्तो भएको छ । च्याङ्ग्राको सङ्ख्या बढेको र विगतका वर्षमा बजारमा ल्याएको च्याङ्ग्राको मूल्य महंगो हुँदा व्यापार नभएपछि यसपटक कृषकहरुले नै बिक्री मूल्य घटाएका हुन् । गत वर्ष खोरमै प्रतिगोटा ४० हजार भन्दा बढी मूल्य तिरेर च्याङ्ग्रा खरिद गरेका ब्यापारी टसी छेवाङ गुरुङले यसपाली ३० देखि ३३ हजारमा किसानबाट खरिद गरेको बताए । "ठाउँ अनुसार पाँच देखि १० हजार कम मूल्यमा च्याङ्ग्रा खरिद भएकाले बिक्री गर्ने मूल्य पनि घटाएका हौ," उनले भने "गत वर्ष काठमाडौ पोखरामा प्रतिगोटा रु. ५५ हजारसम्म परेको च्याङ्ग्राको मूल्य यसपाली रु. ४५ हजार भन्दा कम हुन्छ ।" गत वर्ष बजारमा ल्याएको च्याङ्ग्रा महंगी हुँदा बिक्री नभएर व्यापारीले नोक्सान व्यहोरेको गुनासो गरेका थिए । छेवाङ सहित डोल्पाका चार जना व्यापारीले मुस्ताङ हुँदै पाँच दिन हिडेर दुई सय ५० च्याङ्ग्रा बिक्री गर्न पोखरा लैजानका लागि बुधबार म्याग्दीको घोडेपानी पुग्नुभएको छ । मुस्ताङका साथै डोल्पा र मुगुबाट ल्याइएका च्याङ्ग्राहरु दसैमा बिक्रीका लागि म्याग्दी हुँदै देशका विभिन्न सहर बजारमा पुग्न थालेका छन् म्याग्दी, कास्की, पर्वत, बागलुङ, काठमाडौ लगायत ठाउँबाट च्याङ्ग्रा खरिद गर्नका लागि व्यापारीहरु मुस्ताङ पुगेर फर्किन थालेका हुन् । जडिवुडीयुक्त बुकीमा चरेका च्याङ्ग्राको मासु पोषिलो, तागतिलो र स्वस्थर मानिन्छ । दसैं तिहारमा हिमाली च्याङ्ग्राको मासुको खपत बढी हुने गर्छ । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुस्ताङका प्रमख लालमणी अर्यालका अनुसार बुधबार सम्म सात हजार च्याङ्ग्रा जोमसोम देखि म्याग्दीतर्फ झरेका छन् । यस वर्ष दसैंका लागि मुस्ताङबाट दश हजार च्याङ्ग्रा बिक्री हुने अनुमान गरिएको छ । मुस्ताङबाट म्याग्दीको बेनीसम्म दुई देखि तीन दिन हिंडाएर ल्याएका च्याङ्ग्रा बेनीदेखि ट्रक र गाडीमा राखेर देशका विभिन्न ठाउँमा लैजाने गरिन्छ । तीन वर्ष पुरा भएका च्याङ्ग्रा मासुका लागि बिक्री हुने गर्छ । मुस्ताङको वारागुङ मुक्तिक्षेत्र, घरपझोङ, लोघेकर दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकामा ५० हजार च्याङ्ग्रा पालिएका छन् । उपल्लो मुस्ताङका कृषकको मुख्य आयस्रोत च्याङ्ग्रापालन भएको लोघेकर दामोदरकुण्ड गाउँपालिका-४ याराका कृषक डिण्डुप गुरुङले बताए । विसं २०८० मा सात हजार, २०७९ मा छ हजार आठ सय, २०७८ मा १२ हजार र २०७६ अघि वार्षिक २० देखि २५ हजारको संख्यामा मुस्ताङबाट भेडाच्याङ्ग्रा निकासी भएको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको तथ्याङ्क छ । *-रासस*




## वडा कार्यालयको अनुरोध

चाडवाडको समयमा खानपानमा ध्यान दिऊ त्यसैले,
- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौ,
- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौ,
- सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौ,
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौ,

*विजया दशमी तथा शुभ दिपावली २०८१ को शुभ अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरु, वडावासी तथा सेवाग्राहीहरुमा सुख, शान्ति, समृद्धि र दिर्घायुको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*



रेश्मराज न्यौपाने
वडा अध्यक्ष एवं
कालीगण्डकी गाउँपालिका वडा नं. २ को कार्यालय
अर्वेनी, गुल्मी परिवार

## रेसुङ्गा नगरपालिकाको अनुरोध

- चाडपर्वमा तडक-भडकसहितका खर्चिला कार्यक्रमहरू नगरौं ।
- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
- चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।
- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं ।

बाबुराम पल्ली, प्रमुख प्रशासकीय अधिकृत
अमृतादेवी कुँवर, उप प्रमुख
खिलध्वज पन्थी, नगर प्रमुख

रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तम्घास, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## इस्मा गाउँपालिकाको अनुरोध

- मासु तथा मासुजन्य पदार्थको आवश्यकताभन्दा बढी उपभोग नगरौं ।
- काटेको वा पकाएको मासु वा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।
- बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।

पार्वती कुँवर, उपाध्यक्ष
भगतसिंह खड्का, अध्यक्ष

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


## गाउँ फर्केर अकबरे खेती



बागलुङको गलकोट नगरपालिका-२ आरुखर्कका २८ वर्षीय महादेव कार्की १४ वर्षको उमेरमा चितवनझरे । बसाइँसराइ गरि परिवारसहित चितवन झरेका कार्की १० वर्षपछि गाउँ फर्किएर व्यवसायिक अकबरे खुसार्नीमा खेतीमा लागेका छन् । पाँच वर्ष अगाडि गाउँ फर्किएर सुरुमा कुखुरा पालन गरेका कार्कीले व्यवसाय राम्रो नभएपछि बाख्रापालनमा लागेका थिए । बाख्रापालनसँगै गत बैशाख महिनादेखि अकबरे खेतीमा लागेका हुन् । अकबरे खेतीमा राम्रो आम्दानी देखेपछि अहिले यसको खेती तर्फ जोड दिएका छन् । बैशाखमा लगाएका अकबरेका विरुवाले अहिले फल दिएपछि कार्कीको खुर्सानीबारी राताम्य बनेका छन् । छ महिनामै १० लाखको अकबरे विक्री गरेका कार्कीले खेती बिस्तार गर्ने योजनामा छन् । बढ्दो बसाइँसराइ र युवाको विदेश मोहले गर्दा अहिले गाउँका खेतीयोग्य जमिन बाँझोमा परिणत भएका छन् । बसाइँसराइ गरेर गएको १० वर्षपछि फर्किएर व्यवसाय थालेका कार्कीले गाउँमा ठूलो संभावना देख्छन् । अहिले उनले गाउँका बाँझो जमिनलाई उत्पादनसँग जोड्न थालेको छ । अकबरेको माग समेत बढेको हुँदा उत्पादन बढाउनु पर्ने दबावमा कार्की छन् । १० रोपनी क्षेत्रफलमा करिब छ हजार अकबरेका विरुवा सप्रिएर फल दिएपछि उनि विहानदेखि साँझसम्मै बारीमा ब्यस्त छन् । उनि करिब तीन लाख लगानी गरेर सुरु गरेको खुर्सानी खेतीबाट यो सिजनमा २० लाख आम्दानी गर्ने लक्ष्य रहे पनि सुरुवाती चरण भएको हुँदा सोचे अनुसार नभएको नभएको कार्कीले बताए । प्रति किलो दुई सय रुपैयाँ करिब पाँच हजार किलो अकबरे विक्री गरि सकेको उनको भनाइ छ । अझै केही मात्रामा खुसार्नी टिप्न बाँकी रहेको उनि बताउन्छन् ।

*बढ्दो बसाइँसाइले गाउँ रित्तिएपछि सुनसान बन्दै गएको छ । गाउँमा व्यवसाय गरेर अरुलाई पनि यहाँ धेरै संभावना रहेको देखाउने गरि काम गर्ने कार्की बताउन्छन् । गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले पछिल्लो समय गाउँमा बस्नेको संख्या घट्दै गएपछि पालिकाले युवालाई उद्यमसँग जोड्ने गरि काम गर्न थालेको बताए । कार्कीले सिंचाइका लागि पाइप माग गरेको हुँदा केही समयमै उपलब्ध गराउने उनको भनाइ छ । कार्कीलाई आवश्यक कृषि अनुदानका साथै आवश्यक प्राबिधिक सहयोग पनि गर्दै जाने प्रवक्ता भण्डारीले बताए । खुर्सानी खेती पहिलो पटक गर्न लागेको हुँदा बजार लगायत अन्य समस्या परे नगरपालिकाले सहजीकरण गर्ने उनि बताउन्छन् । प्रवक्त भण्डारीले भने – "नगरपालिकाले व्यवसायिक रुपमा कृषि गर्ने किसानलाई प्रोहोत्सानका लागि अनुदानसहित प्राबिधिक सहयोग गर्दै आएका छौँ, गलकोटमा नयाँ व्यवसायी थपिनु हाम्रो लागि राम्रो पक्ष हो, यस्ता पौरख गर्ने किसानलाई नगरपालिकाबाट सक्दो सहयोग हुन्छ, उनिहरुलाई प्रेरित हुने गरि काम गर्नेमा हामीहरु प्रतिबद्ध छौँ ।"*

अकबरेको बजारका लागि कुनै समस्या नभएको भन्दै अहिले बागलुङसहित चितवन पठाउने गरेको कार्कीले बताए । चितवनमा बुबाआमा रहेको हुँदा उनिहरुले विक्री गर्ने गरेको कार्की बताउन्छन् । "हाम्रो परिवार धेरै वर्ष अगाडि चितवन बसाइँसराइ गरेको थियो, म पनि धेरै वर्ष उतै बसेँ, पछि गाउँ धेरै संभावना देखेर आएको हुँ, सुरुमा कुखुरा पालन गरियो, राम्रो भएन, पछि बाख्रा पालन थाले राम्रो हुँदै गयो, अहिले अकबरेलाई जोड दिएको छु, यसबाट धेरै राम्रो भयो" कार्कीले भने - "सुरुमा धेरै आइडिया भएन, अलि धेरै आम्दानी गर्न सकिन्छ कि भन्ने लागेको थियो, त्यो हुन सकेन, विस्तारै ज्ञान हुँदै गएको छ, अर्को वर्षबाट राम्रो हुने आशा गरेको छु, गाउँमा जग्गा जति पनि छ, मान्छेहरु कोही बजार, झरेका छन्, कोही विदेश गएका छन् ।" कार्कीलाई उनकी श्रीमती सन्दीपा कार्कीले साथ दिइँदै आएकी छन् । चार वर्षदेखि बाख्रापालन गर्दै आउनु भएका कार्कीले यसबाट पनि राम्रो आम्दानी गर्दै आउनु भएको छ । अब अकबरे खतीलाई नै बढी समय दिने उनको भनाइ छ । हाल उनको बाख्रा फर्ममा ६० वटा खसी बोका छन् ।

बढ्दो बसाइँसाइले गाउँ रित्तिएपछि सुनसान बन्दै गएको छ । गाउँमा व्यवसाय गरेर अरुलाई पनि यहाँ धेरै संभावना रहेको देखाउने गरि काम गर्ने कार्की बताउन्छन् । गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले पछिल्लो समय गाउँमा बस्नेको संख्या घट्दै गएपछि पालिकाले युवालाई उद्यमसँग जोड्ने गरि काम गर्न थालेको बताए । कार्कीले सिंचाइका लागि पाइप माग गरेको हुँदा केही समयमै उपलब्ध गराउने उनको भनाइ छ । कार्कीलाई आवश्यक कृषि अनुदानका साथै आवश्यक प्राबिधिक सहयोग पनि गर्दै जाने प्रवक्ता भण्डारीले बताए । खुर्सानी खेती पहिलो पटक गर्न लागेको हुँदा बजार लगायत अन्य समस्या परे नगरपालिकाले सहजीकरण गर्ने उनि बताउन्छन् । प्रवक्त भण्डारीले भने - "नगरपालिकाले व्यवसायिक रुपमा कृषि गर्ने किसानलाई प्रोहोत्सानका लागि अनुदानसहित प्राबिधिक सहयोग गर्दै आएका छौं, गलकोटमा नयाँ व्यवसायी थपिनु हाम्रो लागि राम्रो पक्ष हो, यस्ता पौरख गर्ने किसानलाई नगरपालिकाबाट सक्दो सहयोग हुन्छ, उनिहरुलाई प्रेरित हुने गरि काम गर्नेमा हामीहरु प्रतिबद्ध छौं ।" *-रासस*

# बुटवललाई चिटिक्क बनाउँदै उपमहानगर

हाम्रा संवाददाता

**बुटवल,** असोज १९/बुटवल उपमहानगरपालिकाले बुटवललाई चिटिक्क बनाउने अभियानलाई तिव्रता दिएको छ । चाडबाडलाई लक्षित गरी नगरलाई सफा र सुन्दर बनाएर सरसफाइ तथा हरियाली प्रवर्द्धन गर्न भन्दै उपमहानगरपालिकाले विशेष अभियान नै चलाएको हो ।




उसले बसपार्क, मुख्य सडकहरु र सार्वजनिक स्थलहरुमा सरसफाइ गर्दै आएको छ । अभियानअन्तर्गत उपमहानगरपालिकाले असोज ११ गते कालिका स्कुलदेखि बसपार्कसम्म, १८ गते बसपार्कदेखि ट्राफिक चोकसम्म, कात्तिक २ गते ट्राफिक चोकदेखि गोलपार्कसम्म, कात्तिक ९ गते गोलपार्कदेखि तल्लो सिद्धबाबा मन्दिरसम्म र कात्तिक २३ गते योगीकुटीदेखि कालिका स्कुलसम्म सरसफाइ गर्ने गरी काम गर्दै आएको छ । यस्तै, कात्तिक ३० गते कालिका स्कुलदेखि बसपार्कसम्म र भित्री सडक, वडा क्षेत्र र सार्वजनिक स्थलहरूमा नियमित सरसफाइ गर्ने कार्यक्रम रहेको उपमहानगरपालिकाले जनाएको छ । बुटवललाई सफा, सुन्दर र हरियाली सहरका रूपमा स्थापित गरी पर्यटकीय विश्रामस्थलको रूपमा विकास गर्न गत आर्थिक वर्षदेखि हरियाली र उज्यालो बुटवल अभियान सुरु गरिएको प्रमुख खेलराज पाण्डेयले बताए । बुटवलको ऐतिहासिक, व्यापारिक, आर्थिक महत्त्वलाई जोगाउँदै पर्यटकीय विश्रामस्थलको रूपमा विकास गर्ने मुख्य लक्ष्यसहित सरसफाइ तथा हरियाली अभियान र उज्यालो बुटवल अभियान सञ्चालन गरिएको उनको भनाई छ । अभियानलाई सफल बनाउन नगरवासी, टोल विकास संस्था, राजनीतिक दल, सामाजिक संघसंस्था तथा सरोकारवाला निकायहरूलाई साथमा लिएर अगाडि बढेको प्रमुख पाण्डेयले बताए । अभियानमा सरिक हुन जनप्रतिनिधिहरूसँगै कर्मचारी, नगरवासी, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, ट्राफिक प्रहरी, सामाजिक संघसंस्थाहरु, राजनीतिक दल, स्वयंसेवी संस्थाहरूलाई आह्वान गरेको उपप्रमुख सावित्रादेवी अर्यालले बताइन् । उनले नगर सफा रहेमात्रै नागरिक स्वस्थ रहने भएकाले घर-घरबाटै सहर सफा राख्ने अभियान नियमित हुनुपर्ने बताइन् । सरसफाईलाई नियमित रुपमा अगाडि बढाइने प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनालले बताए ।

# छेर्लुङ्गमा ‘भ्यु कटेज’ सञ्चालनमा

**तानसेन,** असोज १९/कालीगण्डकी करिडोरको रिडी-रानीघाट सडक खण्डको छेर्लुङमा नयाँ र आधुनिक होटलको शुभारम्भ गरिएको छ । यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई मध्यनजर गरी ‘रानीमहल भ्यू कटेज रेष्टुरेन्ट एण्ड लज’ सञ्चालनमा ल्याइएको हो ।




रानीमहल आउने र तानसेन हुँदै गुल्मी जाने पर्यटकहरुका लागि सुविधा सम्पन्न कटेज सञ्चालनमा ल्याइएको जनाइएको छ । कालीगण्डकी करिडोर आसपास र पर्यटकियस्थल रानीमहलमा आउँने पर्यटकका लागि सेवा सुविधाका लागि सो कटेज सञ्चालनमा ल्याइएको सञ्चालक होटल सरद भट्टराईले बताए । उनका अनुसार होटलमा आरामदायी बास, खाना तथा पार्टी गर्ने व्यवस्था रहेको छ । जिल्लामा वर्षेनी करोडका लगानीमा होटलहरु सञ्चालनमा आएपनि यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकरुहको सेवा सुविधा अनुरुप होटल नहुँदा पर्यटकहरु पोखरा, काठमाडौं जान बाध्य भएकाले ति पर्यटकहरुको सेवा सुविधालाई मध्यनजर गरी होटल सञ्चालनमा ल्याएको सञ्चालक भट्टराईले बताए ।

अर्थ/कर्पोरेट समाचार

# पाल्पा उद्योग वाणिज्य संघद्वारा शुभकामना-आदान




**पाल्पा,** असोज १९/जिल्लाको उद्योगी व्यवसायीहरुको छाता संगठन पाल्पा उद्योग वाणिज्य संघले सामुहिक रुपमा शुभकामना आदान प्रदान कार्यक्रम गरेको छ । संघले जिल्लाका उद्योगी, व्यवसायी, राजनीतिक दलका प्रतिनिधी, जनप्रतिनिधि,सुरक्षा निकायका प्रमुख, नागरिक अगुवा, पत्रकार, विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयका कर्मचारी तथा सर्वसाधारणहरुको सहभागितामा नजिकिदैं गरेको विजया दशमी, तिहार, नेपाल संवत्, छठ पर्व, ईद लगायतका महान चाडपर्वको असवरमा शुभकामना आदान प्रदान कार्यक्रम गरेको हो ।संघको कार्यालयमा भएको शुभकामना कार्यक्रममा सहभागीहरुले सामुहिक रुपमा एक आपसमा शुभकामना आदान प्रदान गरी खुसी साटा साट, भेटघाट र चियापान गरेका थिए । सहभागीहरुलाई स्वागत गर्दै संघका अध्यक्ष शैलेन्द्र भट्टराईले नेपालीहरुको महान पर्वहरुमा शुभकामना आदान प्रदानले एक आपसमा मित्रभावसँगै आत्मियता बढाउन कार्यक्रम गरिएको बताए । संघका महासचिव समिरमान सिंहको सञ्चालनमा कार्यक्रम भएको थियो ।




# कृषि ज्ञानकेन्द्रको अनुरोध

- चाडपर्वमा जुवातास नखेलौं र मद्यपान नगरौं ।
- संस्कृति र परम्परा जोगाऔं, चाडपर्वको मौलिक पक्षको संरक्षण गरौं ।
- सबैको चाडपर्व एवम् संस्कृतिको सम्मान गरौं ।
- चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम राखौं ।













हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्राई, सम्पादक:जगदीशप्रसाद भट्राई